# संयुक्त समन्वय समिति

अन्तरिम सरकारलाई सुचारु रुपले अगाडि बढाउने काममा सहयोग पुऱ्याउन नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), नेपाल मजदुर किसान पार्टी, संयुक्त वाममोर्चा, नेपाल निम्नलिखित स्वरुप, उद्देश्य र कार्यक्षेत्र भएको उच्चस्तरीय संयुक्त समन्वय समिति (United Coordination Committee) गठन गर्न सहमत भएका छौं ।

## गठन र स्वरुप

१. आठ राजनीतिक दलका शिर्ष नेताहरुको बैठकबाट संयुक्त समन्वय समितिको गठन भएको छ । यसलाई संक्षेपमा नेपालीमा समन्वय समिति र अंग्रेजीमा UCC भनिने छ ।
२. समन्वय समितिमा आठ पार्टीको सहकार्यमा संलग्न राजनीतिक दलले तोकेका प्रतिनिधिहरु रहनेछन् ।
३. समन्वय समितिको कार्य सम्पादनको लागि एक सचिवालय रहनेछ ।

## उद्देश्य

१. साझा सहमतिको न्यूनतम कार्यक्रम समन्वयात्मक रुपमा कार्यान्वयन गर्न अन्तरिम सरकारलाई टेवा पुऱ्याउने ।
२. आठ राजनीतिक दलका बीचको समझदारी र विश्वासलाई दिगो बनाउँदै सरकार संचालनको मार्गमा उत्पन्न हुने कुनैपनि समस्या वा अवरोधलाई हटाउन भूमिका खेल्ने तथा अन्तरिम सरकारलाई सफल तुल्याउन योगदान दिने ।
३. आठ दलका बीच भएका सहमतिको कार्यान्वयन तथा राष्ट्रिय समस्याहरुको समाधानको लागि मुलुकका राजनीतिक दलहरु बीचको सहकार्यको संस्कृतिलाई अगाडि बढाउने ।
४. साझा सहमतिको न्यूनतम कार्यक्रमको कार्यान्वयनको अनुगमन गर्ने र सो सम्बन्धमा आवश्कता अनुसार सरकारलाई सुझाव दिने ।
५. सरकारलाई भ्रष्टाचारमुक्त मार्गमा दृढतापूर्वक अग्रसर भइरहन सहयोग पुऱ्याउने ।
६. सरकारलाई सबै निकायहरुले साझा सहमतिको न्यूनतम कार्यक्रमको आधारमा निष्पक्ष र दक्षतापूर्वक कार्य गर्न सक्ने वातावरणको सिर्जना गर्न सहयोग पुऱ्याउने ।
७. सरकारलाई सहयोग पुऱ्याउन तथा सरकार प्रतिको समर्थनको दायरालाई फराकिलो तुल्याउन आवश्यक राजनीतिक र जनपरिचालनका कार्यक्रमहरुको संचालन गर्दै सरकारको पक्षमा जनमतको सिर्जना गर्ने । यसको लागि सभा, प्रदर्शन, सेमिनार र गोष्ठी आदि जस्ता कार्यक्रमहरुको आयोजना गर्ने ।

## संचालन प्रक्रिया र कार्यक्षेत्र

१. समन्वय समितिको अध्यक्षता आठ पार्टीको सहमति बमोजिम तोकिएको व्यक्तिले गर्नेछ ।
२. समन्वय समितिको बैठक अध्यक्षता गर्ने व्यक्तिद्वारा प्रस्तावित तथा सबैको सहमतिमा पारित कार्यसूचिको आधारमा हुनेछ । कुनै पार्टीको तर्फबाट कुनै विषयमा छलफल गर्नुपर्ने आवश्यकता महसुस भएमा बैठक हुनुभन्दा कम्तिमा दुई दिन पहिले बैठकको अध्यक्षता गर्ने व्यक्तिलाई लिखितरुपमा प्रस्ताव उपलब्ध गराउनु पर्नेछ ।
३. समन्वय समितिमा आवश्कता अनुसार कुनै मन्त्री वा नेतालाई आमन्त्रित गर्न सकिने छ ।

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

४. समन्वय समितिका सम्पूर्ण बैठक र त्यसका निर्णयहरुको व्यवस्थित रुपमा अभिलेख राखिनेछ । सार्वजनिक नगर्ने भनिएको विषयहरुका सम्बन्धमा कसैले पनि गोप्यता भंग गर्ने छैन ।
५. समन्वय समितिको संचालन यथासक्य सहमतिपूर्ण किसिमले हुनेछ । कुनै विवाद उत्पन्न भएमा त्यसलाई पारस्परिक छलफल र समझदारीबाट समाधान गरिनेछ । तर समन्वय समितिमा कुनै विषयमा निर्णय हुननसकेका कारणले मात्र सरकारको काम-कारवाही अवरुद्ध हुने छैन ।
६. समन्वय समितिको तर्फबाट सर्वदलीय सरकारलाई दिइने सुझाव संविधान, कानून र सरकार संचालनको मर्यादा अनुरुप हुनेछन् र सरकारको निर्णय प्रक्रियामा हस्तक्षेप हुने किसिमको हुने छैनन् ।
७. अन्तरिम सरकारको सुचारु संचालनमा नकारात्मक प्रभाव नपर्ने गरी सहभागी राजनीतिक दलहरुले आ-आफ्ना राजनीतिक सिद्धान्त, नीति, कार्यक्रम र मान्यताहरुको सार्वजनिक रुपमा पक्षपोषण र कार्यान्वयन गर्नसक्ने छन् ।
८. समन्वय समितिको संचालन मूलतः साझा सहमतिको न्युनतम कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने दिशामा परिलक्षित हुनेछ र यसको लागि सबै सहभागीहरुले सक्रिय भूमिका निर्वाह गर्दै जिम्मेवारी पूरा गर्नेछन् ।
९. मन्त्रालयको काम तथा आचार संहिता उल्लंघन लगायतका विषयमा आठ दलले छलफल गर्न चाहेमा समन्वय समितिमा प्रस्ताव पेश गर्नसक्नेछन् । सो सम्बन्धमा समन्वय समितिको निर्णय बमोजिम हुनेछ । यस्तो निर्णयका सम्बन्धमा सार्वजनिक रुपमा नकारात्मक टिप्पणी गरिने छैन ।
१०. समन्वय समितिले आवश्यक ठानेमा जिल्ला स्तरमा पनि संयुक्त समन्वय समितिको गठन र संचालनबारे निर्णय गरी त्यसको कार्यक्षेत्र तोक्नसक्नेछ ।
११. माथि उल्लेखित उद्देश्यको प्राप्तिको लागि अन्य आवश्यक कार्य गर्न र कार्यविधि तोक्नसक्ने छ ।

| | |
|---|---|
| १. नेपाली काँग्रेसका सभापति | श्री गिरिजाप्रसाद कोईराला |
| २. नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव | श्री माधवकुमार नेपाल |
| ३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का अध्यक्ष | श्री प्रचण्ड |
| ४. नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति | श्री शेरबहादुर देउवा |
| ५. जनमोर्चा नेपालका अध्यक्ष | श्री अमिक शेरचन |
| ६. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का उपाध्यक्ष | श्री भरत विमल यादव |
| ७. नेपाल मजदूर किसान पार्टीका अध्यक्ष | श्री नारायणमान विजुक्छे |
| ८. संयुक्त बाममोर्चाका अध्यक्ष | श्री सि.पी. मैनाली |

२०६३।१२।१६

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com